# नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधि २०७५

नेपाल सरकार

गृह मन्त्रालय

सिंहदरबार, काठमाडौं

# बिषय-सूची


| क्र.सं. | बिषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | **परिच्छेदः एक**<br>प्रारम्भिक | १ |
| २. | **परिच्छेदः दुई**<br>पहुँच दिने क्षेत्र र आधार | २ |
| ३. | **परिच्छेदः तीन**<br>पँहुच दिने सम्बन्धी कार्यबिधि | ४ |
| ४. | **परिच्छेदः चार**<br>बार्षिक सेवा शुल्क, नबिकरण र मर्मत संभार | ६ |
| ५. | **परिच्छेदः पाँच**<br>विविध | ७ |

# नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधि, २०७५

नेपाल सरकार (माननीय गृहमन्त्रीस्तर) बाट स्वीकृत मितिः२०७५/०६/०९

**प्रस्तावना :** गृह मन्त्रालयको केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकहरुको नागरिकता प्रमाणपत्रको डाटामा सेवा प्रवाह गर्ने निकायहरुलाई हेर्ने मात्र पहुँच (Read Only Access) दिने सम्बन्धी प्रक्रियालाई ब्यवस्थित, सुरक्षित, सरल, पारदर्शी र उपयोगी बनाउन सुशासन (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा १४ र सुशासन (ब्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ९ को ब्यवस्था बमोजिम गृह मन्त्रालयले यो कार्यबिधि बनाएको छ।

## परिच्छेद : एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यबिधिको नाम "नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधी, २०७५" रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(ख) "नागरिकताको डाटा" भन्नाले प्रचलित नागरिकता ऐन, नियम बमोजिम सफ्टवेयरको प्रयोग गरी कम्प्युटर प्रणालीबाट बितरण गरिएको

नागरिकताको बिबरण भएको डाटा एबम् हस्तलिखित रुपमा बितरण गरिएको नागरिकताको बिबरणलाई कम्प्युटर प्रणालीमा प्रविष्ट गरी केन्द्रीय सर्भरमा सुरक्षित राखिएको डाटालाई सम्झनु पर्छ।

(ग) "हेर्ने मात्र पहुँच" भन्नाले त्यस्तो पहुँच प्राप्त निकायहरुले नागरिकता प्रमाणप्रत्रको आधारमा सेवा बितरण गर्दा नागरिकता प्रमाणप्रत्रको प्रमाणीकरण (Verification) गर्नु पर्ने भएमा केन्द्रीय डाटाबेस सर्भरमा भएको नागरिकताको रेकर्ड हेर्न र सोको प्रिन्ट गर्न मात्र सकिने अनुमतिलाई सम्झनु पर्छ।

(घ) "केन्द्रीय सर्भर" भन्नाले राष्ट्रिय सूचना प्रबिधि केन्द्रमा रहेको मन्त्रालयको डाटा सर्भरलाई सम्झनु पर्छ।

## परिच्छेद : दुई

## हेर्ने मात्र पहुँच दिइने क्षेत्र र आधार

३. **<u>हेर्ने मात्र पहुँच दिइने क्षेत्र:</u>** (१) नागरिकताको केन्द्रीय डाटाबेस सर्भरमा नागरिकताको प्रमाणपत्रको आधारमा सेवा वितरण गर्ने देहायका क्षेत्रमा हेर्ने मात्र पहुँच दिइने छ।

(क) नागरिकता, राहदानी र ट्राभल्स डकुमेण्ट्स,

(ख) घरजग्गा लगायतका भूमी व्यवस्थापन,

(ग) बैङ्किङ एवं वित्तिय कारोवार,

(घ) पञ्जिकरण/व्यक्तिगत घटना दर्ता,

(ङ) प्रमाणीकरण एवं सिफारिस

(च) उद्योग, व्यवसाय र रोजगारी,

(छ) शिक्षा, स्वास्थ्य लगायतका अत्यावश्यक क्षेत्र,

(ज) न्यायिक निरुपण र अनुसन्धानका क्षेत्र,

(झ) नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने अन्य क्षेत्र।

४. **<u>हेर्ने मात्र पहुँच दिइने आधार र सीमाहरुः</u>** (१) केन्द्रीय सर्भरमा हेर्नमात्र पहुँच दिँदा देहायका आधारहरु लिइने छ।

(क) सेवा बितरणमा नागरिकताको प्रमाणपत्रको आबश्यकता।

(ख) केन्द्रीय सर्भर प्रणालीको क्षमता।

(ग) डाटा एबम् नेटवर्कको सुरक्षाको सुनिश्चितता।

(घ) पहुँच लिन चाहने निकायहरुमा Dedicated Lease Line जडान गरी VPN (Virtual Private Network) को जडान।

## परिच्छेद : तीन

## हेर्ने मात्र पहुँच दिइने प्रक्रिया

५. देहायका निकायहरुलाई नागरिकता प्रमाणपत्रको डाटा रहेको केन्द्रीय सर्भरमा देहायको प्रक्रिया अपनाई सचिवस्तरको निर्णयबाट "हेर्ने मात्र पहुँच" दिइने छः

(क) गृह मन्त्रालय मातहतका निकायहरुकालागि नागरिकताको प्रणालीमा पहुँचकोलागि सम्वन्धित निकायको प्रमुखबाट पहुँच आवश्यक पर्नुका कारण खुलाई अनुरोध भै आउनु पर्नेछ।

(ख) गृह मन्त्रालय मातहतका निकायहरु बाहेक संघीय सरकार मातहतका अन्य निकायहरुकालागि गृह मन्त्रालयको केन्द्रीय सर्भरमा रहेको नागरिकताको डाटामा हेर्ने मात्र पहुँच आवश्यक पर्नुको कारण खुलाई सम्वन्धित मन्त्रालयको सचिवस्तरको निर्णयबाट अनुरोध भई आउनु पर्नेछ।

(ग) प्रदेश सरकार मातहतका सरकारी निकायहरुकालागि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सचिवस्तरको निर्णयबाट हेर्ने मात्र पहुँच आवश्यक पर्नुको कारण उल्लेख गरी गृह मन्त्रालयमा अनुरोध भई आउनु पर्नेछ।

(घ) स्थानीय तहका गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिहरुकालागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत हेर्ने मात्र पहुँच आवश्यक पर्नुको कारण उल्लेख गरी गृह मन्त्रालयमा अनुरोध गरी आउनु पर्नेछ। साथै स्थानीय तहका कार्यालय एंव वडा कार्यालयहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय र एकिकृत सेवा केन्द्रसँग नेटवर्किङ समेत कायम गरेको हुनुपर्नेछ।

(ङ) सार्वजनिक संस्थान, बैंक, वित्तिय एबम् सहकारी संस्थाहरु, पब्लिक कम्पनी एबम् प्राईभेट लिमिटेड कम्पनीहरुले नागरिकताको डाटाको केन्द्रीय सर्भरमा हेर्ने मात्र पहुँच प्राप्त गर्न निम्न कागजात संलग्न गरी गृह मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ।

(१) संचालक समिति, बोर्ड वा कार्यसमितिको निर्णय,

(२) हेर्ने मात्र पहुंच आवश्यक पर्नुका कारण सहित सम्वन्धित संघ/प्रदेश मन्त्रालयको सचिवस्तरबाट निर्णय भएको सिफारिशपत्र,

(३) संस्था दर्ता सम्वन्धी कागजातहरु,

(४) नागरिकता डाटाको गोपनीयता र सुरक्षाको लागि प्रतिवद्धता पत्र।

(च) नेपाली कुटनीतिक नियोगले राहदानी, भिसा लगायतका सेवा प्रवाहको लागि नागरिकताको विवरण भएको प्रणालीमा पहुँच लिन आवश्यक भएमा नेपाल सरकार परराष्ट्र मन्त्रालयको सचिवस्तरबाट निर्णय भै सिफारिश सहित गृह मन्त्रालयमा अनुरोध भई आउनु पर्नेछ।

६. नागरिकताको केन्द्रीय सर्भरमा पहुँचको लागि युजरनेम र पासवर्डको आवश्यकता पर्ने भएकोले युजरनेम र पासवर्ड मन्त्रालयबाट हेर्ने मात्र पहुँच दिने निर्णय भए पछि मन्त्रालयको सूचना प्रविधि शाखाबाट उपलब्ध हुनेछ।

७. सार्वजनिक सेवा प्रदान गर्ने निकायहरुलाई केन्द्रीय सर्भरमा हेर्न मात्र पहुँच दिंदा सम्बन्धित निकायहरुसँग डाटाको सुरक्षा, गोपनीयता र उपयोगका सम्बन्धमा प्रतिबद्धता लिइनेछ।

८. "हेर्ने मात्र पहुँच" एक आर्थिक वर्षको लागि मात्र प्रदान गरिनेछ। प्रत्येक आर्थिक बर्ष शुरु भएको ३ महिनाभित्र सम्बन्धित निकायबाट दफा ५,६ र ७ को प्रक्रिया पुऱ्याई म्याद थपको लागि अनुरोध भै आएमा आवश्यकता र उपयोगिताको आधारमा म्याद थप गर्न सकिनेछ।

## परिच्छेद : चार

## बार्षिक सेवा शुल्क, प्राविधिक व्यवस्थापन र मर्मत संभार

९. हेर्ने मात्र पहुँच सरकारी निकायलाई निःशुल्क उपलब्ध गराइनेछ। तर सो प्रयोजनको लागि सम्वन्धित निकायमा आवश्यक पर्ने प्राविधिक तथा भौतिक सामग्रीको व्यवस्था र मर्मत संभारको व्यवस्थापन तथा संचालन खर्च सम्वन्धित निकायहरुलेनै गर्नु पर्नेछ।

१०. नागरिकताको केन्द्रीय सर्भरमा हेर्ने मात्र पहुँचको सुविधा लिने सार्वजनिक संस्थान, बैंक, वित्तिय एबम् सहकारी संस्थाहरु, पब्लिक कम्पनी एबम् प्राईभेट लिमिटेड कम्पनीहरुले सेवा शुल्क वापत मासिक रु. १,०००।– (एक हजार रुपैंया) नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्नेछ। साथै "हेर्ने मात्र पहुँच" को लागि आवश्यक प्राविधिक तथा भौतिक सामग्री एंव मर्मत संभारको व्यवस्थापन तथा संचालन खर्च सम्वन्धित निकायहरुले नै गर्नु पर्नेछ।

## परिच्छेद : पांच

## विविध

११. कुनै निकाय वा संस्थालाई हेर्ने मात्र पहुँच दिने नदिने सम्पूर्ण अधिकार नेपाल सरकार गृह मन्त्रालयमा रहनेछ ।

१२. नागरिकताको डाटामा हेर्ने मात्र पहुँचको प्रयोगको सम्बन्धमा गृह मन्त्रालयबाट नियमित रुपमा अनुगमन गरिनेछ। नागरिकताको डाटा महत्वपूर्ण एबम् संबेदनशील भएको र नागरिकहरुको व्यक्तिगत विवरण भएको हुँदा कसैले पनि डाटाको दुरुपयोग गर्नु गराउनु हुदैन। कसैले नागरिकताको डाटाको दुरुपयोग गरे गराएको पाइएमा तत्काल हेर्ने मात्र पहुँचलाई मन्त्रालयले रद्ध गरी प्रचलित कानुन वमोजिम कारवाही समेत गर्न सक्नेछ।